# GoldS Light

Voice of Golden Sungava

**Exclusive Edition** | Year 3 | Issue 9 | February 2020 |



महेश चन्द्र गौतम
प्रिन्सिपल


## गोल्डन सुनगाभा परिचय



**"Eduction is not the learnings of facts but the training of the mind to think."**

गुणस्तरीय शिक्षा आजको अवश्यकता को मुल नारालाई अङगीकार गरेको एउटा उदाहरणीय विद्यालयको नाम हो गोल्डन सुनगाभा । चाँगुनारायणको काखमा अवस्थित यो विद्यालय सुनगाभा स्कुलको नामले जनस्तरमा प्रसिद्ध छ । एउटा सानो घरमा लगभग ५०-६० जना विद्यार्थी लिएर २४ वर्ष अगाडि स्थापना भएको यो विद्यालय आजसम्मको यात्रा तय गर्दा ७०० विद्यार्थी सहित लगभग ९ रोपनी जग्गामा आफ्नो पूर्वधार तय गर्न सफल भएको छ । भक्तपुर जिल्लाका नमूना विद्यालयहरूको पङक्तिमा यो विद्यालय पनि अग्रणी स्थानमा छ । हाम्रो यो सफलतामा आदरणीय अभिभावक वर्ग, शिक्षक, शिक्षिका र शुभेच्छुकहरूले पुऱ्याउनु भएको योगदानको उच्च मुल्याङ्कन् गर्दै यो पङतिकार स्मरण गर्न चाहन्छ । अपाङ्ग मैत्री तथा भूकम्प प्रतिरोधात्मक भवन, खुल्ला कक्षा कोठा, अनुभवी शिक्षक-शिक्षिका यो विद्यालयका गहना हुन् र खास विशेषता हुन् ।

प्रविधिले संसारलाई परिवर्तन गरेको वर्तमान अवस्थामा प्रविधिसंग हातेमालो गर्दै विश्वले चाहेको र बुझेको विद्यालय शिक्षालाई हामीले विगत देखि आजका दिन सम्म उत्तिकै महत्वका साथ विद्यार्थी माझ पस्केका छौं । सुविधा सम्पन्न कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालयको ब्यवस्थापन यसका प्रमाणहरू हुन् । भविष्यका नागरिक तथा यस विद्यालयमा अध्ययनरत बालबालिकाले भविष्यमा जीवन जिउनका लागि विश्वका नागरिक सँग प्रतिस्पर्धा गर्नु पर्ने कुरमा कुनै दुई मत छैन । यसका लागि पढाइ- लेखाइ का अलवा बालबालिका भित्रको सुषुप्त क्षमता लाई प्रस्फुटन गर्नु पर्ने हुन्छ । यो उदेश्यलाई सफल पार्नका लागि विद्यालयले सङ्गीत, नृत्य, अभिनय, फुटबल, उसु, टेबल टेनिस र बास्केटवल आदिको व्यवस्था गरेको छ । किनकी यसले बालबालिकालाई आत्मविश्वासी बनाई सकारात्मक सोचको विकास गर्न सहयोग गर्छ । यो संग- संगै पूर्व प्राथमिक कक्षाहरूमा **Growing with nature and Learning by doing** भन्ने विश्वव्यापी सिकाइ सिद्धान्तलाई शिक्षण सिकाइको प्रमुख आधार बनाइएको छ । विद्यार्थी केन्द्रित शिक्षण सिकाई आजको आवश्यकता हो । त्यसैले किताबी ज्ञानले मात्रै आजको सिकाई पूर्ण हुँदैन । परम्परागत शिक्षण सिकाइको परिवर्तनको खातिर अतिरिक्त क्रियाकलाप, कक्षाकोठामा विषय वस्तुको प्रस्तुति **(classroom presentation),** वक्तृत्वकला जस्ता क्रियाकलाप पनि शिक्षण सिकाइको मेरूदण्डको रूपमा विकास गरिएको छ ।



बालबालिकाको सर्वाङ्गीण विकास र समृद्ध भविष्य विद्यालय शिक्षा प्रणाली तथा विद्यालयमा हुने क्रियाकलापमा भर पर्छ । अझ भनौं त्यसको शुरूवाती जग भनेको आधारभूत शिक्षा नै हो । विगत को शिक्षा पढ्न-लेख्न र गणितीय हिसाब सिकाउनमा मात्र सिमित थियो जुन आज असफल प्राय भइसकेको छ । यो तितो यथार्थलाई आत्मसाथ गरि शिक्षण सिकाइमा आमुल परिवर्तन गरि योग्य, दक्ष रआजको युग सुहाउँदो जनशक्ति तयार गर्नु पर्छ भन्ने कुरामा विद्यालय सचेत छ तर हाम्रो यो महत्वकांक्षी उद्धेश्यमा पुग्न हाम्रो एक्लो प्रयास मिथ्या साबित हुन सक्छ । त्यसैले हाम्रा आदरणीय अभिभावक वर्ग, शुभेच्छुक,शुभचिन्तकहरूबाट विगतको जस्तै सकारात्मक सहयोग र सल्लाहको अपेक्षा गरिन्छ । यदि हामी तीन वटै पक्ष, विद्यालय प्रशासन, शिक्षक-शिक्षिका र अभिभावक वर्गको संयुक्त प्रयास भयो भने हाम्रो शैक्षिक यात्रामा सफलता हासिल गर्न सक्छौं ।

यही त्रिपक्षिय योगदानका कारण हामीले एक पछि अर्को सफलताको खुड्किलो चढिरहेका छौं । २०७२ सालको एस.एल.सी परीक्षाको परिणाम देखि शुरूभएको उत्कृष्टताको यात्रा २०७५ सालको एस.इ.इ परिणाम सम्म आइपुग्दा त्यसको उचाई अझै गर्वीलो भनेको छ । २०७५ सालको एस.इ.इ परीक्षामा १७ जना सहभागी विद्यार्थीहरूमध्ये २ जना विद्यार्थीहरूको ३.९ जी.पी.ए. सहित **(A+)** ९ जना र **(A)** ८ जनाले ल्याउनु यसको उदाहारण हो । यसको अलवा विद्यालयले अतिरिक्त क्रियाकलापमा भक्तपुर जिल्लामा मात्रै होइन काठमाडौं उपत्यकामा नै आफूलाई अग्रभागमा उभ्याउन सफल भएको छ । जिल्ला स्तरीय नृत्य प्रतियागीताहोस वा नगर स्तरीय त्यसमा विद्यालयले कब्जा जमाउन सफल भएको छ । उपत्यकाव्यापी कविता वाचन, वक्तृत्वकला, हाजिरी जवाफ प्रतियोगितामा पनि विद्यालयले आफ्नो परिचयलाई विस्तार गर्दै आएको छ । फुटबल, उस्सु, टी.टी. जस्ता खेलमार्फत पनि विद्यार्थीहरूलाई अब्बल बनाउँदै लगिएको छ । देशभरिबाट आएका ४५ वटा नाटकहरू मध्ये हाम्रा विद्यार्थीहरूले मञ्चन गरेको **ड्याड् भर्सेस मम्** नाटक १० उत्कृत्ट नाटक **(Top-10)** मा छनौट भई राष्ट्रिय बाल नाटक महोत्सव - २०७६, रसियन कल्चर, कमलादी, काठमाडौँमा मञ्चन भएको छ । यी माथि उल्लेखित तथ्यले पनि हाम्रो सफलताको यात्रा द्रुत गतिले अगाडि बढिरहेको छ भन्ने ब्यहोरालाई पुष्टी गर्छ ।

जिल्ला प्याब्सन, केन्द्रिय प्याब्सन, नगरपालिका शिक्षा शाखाले संञ्चालन गरेको परीक्षाहरूको परीक्षा केन्द्र यस विद्यालयमा तोक्नु र परीक्षा संञ्चालन गर्न अनुमती दिनुले पनि आम जनमानसका साथै विभिन्न शैक्षिक निकायमा पनि विद्यालयले विश्वास जित्दै गएको छ भन्ने कुरा प्रष्ट हुन्छ ।

यो भन्दा बाहेक तल्कालिन जिल्ला शिक्षा कार्यलयले गरेको विद्यालय स्तरीयकरणमा पनि यो विद्यालय चाँगुनारायण नगरपालिका भित्र रहेका विद्यालयहरू मध्ये सर्वोत्कृष्ट स्थान ओगट्न सफल भएको छ । यसले पनि विद्यालयलाई प्रगतिका पाइलाहरूमा लम्कन थप बल पुऱ्याएको छ । यो विद्यालयलाई प्रत्येक अभिभावक र विद्यार्थीको उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकसित गर्ने उद्धेश्यका साथ हामी आफ्ना कार्ययोजना बनाएर अगाडि बढिरहेका छौं । यसका लागि हाम्रा समस्त अभिभावक, शुभेच्छुक, शुभचिन्तकबाट सदैव सकारात्मक सल्लाह-सुझावको अपेक्षा गर्दछौं ।

## नगरपालिका स्तरीय हाजिरीजवाफमा गोल्डन सुनगाभा दोस्रो

**गोल्डज लाइट ।**

चाँगुनारायण नगरपालिकाको आयोजना तथा क्वालिटी स्कुलको व्यवस्थापनमा आयोजित नगरपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगितामा गोल्डन सुनगाभा इङ्लीस सेकेण्डरी स्कुलले फाइनल चरणमा सहभागी ९ वडाका उत्कृष्ट विद्यालयहरूमा द्धितीय स्थान हात पार्न सफल भएको थियो ।



वडास्तरीय प्रारम्भिक चरणको हाजिरिजवाफ प्रतियोगितमा उत्कृष्ट ३ भित्र छनोट हुँदै फाइनल यात्रा तय गरेको गोल्डन सुनगाभाले फाइनल चरणमा सहभागी ९ उत्कृष्ट विद्यालयहरूमा द्धितीय स्थान हासिल गर्न सफल भएको थियो ।



विद्यालयको प्रतिनिधित्व गर्दै सहभागी तिन जना विद्यार्थीहरू:सेविका भण्डारी(१०), टंकरराज भट्ट(९) रविन्द्र शाही ठकुरी(८) लाई विशेष वधाई दिनुहुँदै विद्यालयका प्रिन्सिपल महेश चन्द्र गौतमले भविष्यका दिनहरूमा अझ उत्कृष्ट नतिजा कायम राख्न शुभकामना दिनु भएको थियो ।

## शैलीमा गोल्डन सुनगाभाको "ड्याड भर्सेस मम्"

**गोल्डज लाइट ।**



शैली थिएटरको आयोजन गत माघ २२ देखि २९ गते सम्म ११ औ राष्ट्रिय बाल नाटव महोत्सव सम्पन्न भएको छ पटकथाको आधारमा विद्यालयक छनोट गरि उत्कृष्ट पटकथ सहितको विद्यालयका विद्यार्थीहरूक नाटक प्रस्तुती गरिएको उक्त नाटक महोत्सवमा, देशभरिका ३५ विद्यालयबाट आवेदन दिएकामध्ये उत्कृष्ट १६ मा रहि गोल्डन सुनगाभाको नाटक डायड् भर्सेस मम् मञ्चन गरिएको थियो ।

परिवारिक विचलनका कारण बालबालिकामा कस्तो प्रभाव पर्छ भन्ने कुरालाई प्रष्ट पार्ने उद्देश्यका साथ नाटक रचिएको लेखक, निर्देशका, तथा विद्यालय नाटक शिक्षक प्रभाकर न्यौपानेले जानकारी दिनुभयो । समय अनुरूपी परिवर्तित जिवनशैलीहरूलाई समटेर पटकथा तयार गरि विद्यार्थीभित्र रहेको कलाको प्रस्तुति रहेको उक्त नाटक उत्कृष्ट रहेको कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लिलानाथ निरौलाले बताउनु भयो ।

विद्यार्थी भित्र अन्तरनिहित कलाको प्रस्फुटन होस् र पढाइ लेखाइ संग संगै अन्य अतिरिक्त गतिविधकत्तलाई प्रेरित गदै शिक्षण-सिकाइ गदै आइरहेको विद्यालयले विद्यार्थी निहित प्रतिभा उजागर गर्ने मुख्य उद्देश्य र चाहान अनुरूपी यस्ता नाटक तथा अन्य गतिविधि गदै आइरहेको विद्यालय प्रिन्सिपल महेश चन्द्र गौतमले बताउनुभयो साथै देशभरिबाट उत्कृष्ट रहि नाटक मन्चन गर्न सफल सम्पूर्ण विद्यार्थी तथा शिक्षक प्रभाकर न्यौपानेलाई बधाईदिनु हुँदै भविष्यका दिनमा पनि उत्कृष्ट कामलाई विद्यालय परिवारको शुभकामना तथा साथ रहेको बताउनुभयो ।

स्मरण रहोस् शैली थिएटरमा मन्चन गरिएको गोल्डन सुनगाभाको प्रस्तुती 'डायड् भर्सेस मम्' शनिबार विद्यालयकाको अभिभावक दिवसमा पुन मञ्चन गरिने छ ।


गोल्डन सुनगाभा इङ्लिस सेकेण्डरी स्कुलको २४ औं बार्षिकोत्सब तथा अभिभावक दिवसको उपलक्ष्यमा यस विद्यालयको उत्तर-उत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शुभकामना

सोम प्रसाद मिश्र
नगरप्रमुख
चाँगुनारायण नगरपालिका

शिवहरी के.सी.
वडाअध्यक्ष
वडा नं.-२, चाँ.न.पा.

बिर बहादुर खड्का
प्रमुख,शिक्षा विभाग
चाँ.न.पा.,भक्तपुर

खेम पोखेल
प्रमुख शिक्षा विकास तथा
समन्वय इकाई, भक्तपुर



*Published by* Golden Sungava EngSec School
*Advisory Board* LN Niroula
*Vishnu Kumari* Thapa(Binu)
Mahesh Chandra Gautam
*Patron* Sthir Raj Chapagain
*Editor* Binaya Khadka
*Editorial Board* *Monila Khatri,* Sudip Limbukhim
Januka Silwal, Anil Dong, Samir Neupane
*Computer* Guru Lama Karki
*E-mail* sungava2053@gmail.com
*Print* Brothers Offset Press, Gatthaghar

## सम्पादकीय

### नैतिक शिक्षा आजको आवश्यकता

आज हाम्रो समाज द्रुत गतिमा विकास हुँदै गइरहेको छ । तर मानव जीवनमा भने त्यसको प्रभाव सकारात्मक को सट्टा नकारात्मक देखिन्छ । मानिसहरू व्यक्तिगत स्वार्थ, झगडा, लोभ, क्रोध, भाषागत विभेद, जातिय सङ्किणता जस्ता साघुरो सोचबाट गुज्रिरहका छन् । नैतिकता, इमान्दारिता,सदाचार, विश्वसनियता आदि प्रत्येक क्षण स्खलित हुँदै गइरहेको छ । यो दलदलबाट हाम्रो समाजलाई सकारात्मक दिशातिर रूपान्तरण गर्नु विश्व समुदायका लागि चुनौती हुँदै गइरहेको छ ।

आजको समयमा नैतिक शिक्षा अपरिहार्य एवम् महत्वपूर्ण नै सबित भएको छ । नैतिक शिक्षा र यसको ज्ञान र प्रयोग बाल्यअवस्थाबाट नै हुनुपर्दछ । शिक्षाकै माध्यमबाट व्यक्तिले आफ्नो क्षमता, व्यवहार, उदेश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोचको विकास गर्दछ । यी सबै क्षमताहरूको अभिवृद्धिका लागि मानिस नैतिकवान हुनु त्यतिकै जरूरी हुन्छ ।

नैतिक शिक्षा त्यस्तो शिक्षा हो जसको माध्यमबाट असल समाज र असल चरित्रको निर्माण गर्न सक्दछौँ । नैतिक शब्द आफैँमा नीति + इक मिलेर बनेको हो जसको अर्थ नीतिहरूको पालना गर्नु हो । जब मानिसहरूबाट नीतिको पालना हुन्छ तब मात्र समाजमा सकारात्मक सोचको विकास हुन्छ । नागरिकहरूमा आफ्नो दायित्वको बोध हुँदै जान्छ र समाज सकारात्मक तरिकाबाट अगाडि बढ्दै व्यक्ति अर्थात् मानिसहरूमा सदाचार, विनम्रता, सद्भाव, प्रेमभाव, परोपकार जस्ता सकारात्मक पक्षले महत्वपूर्ण भूमिका खेल्न थाल्छन् ।

आजको समाज नैतिक मूल्य र मान्यताबाट निकै टाढा भएको महशुस हुन्छ । त्यसकारण पनि नैतिक शिक्षा आजको अपरिहार्य आवश्यकता हुन पुगेको छ । त्यसैले शिक्षण सिकाइमा यसको अध्ययन र प्रयोग पूर्वप्राथमिक तहबाट नै लागू हुनुपर्दछ ।

पूर्वप्राथामिक तहबाट नै बालबालिकालाई नैतिक शिक्षाका बारेमा ज्ञान दिन सकियो भने उनीहरू संस्कारिक बन्दै हाम्रा मूल्य, मान्यता, रितिरिवाजलाई व्यवहारमा उतार्न सक्षम हुन्छन् । नैतिक शिक्षाको व्यावहारिक प्रयोगले बालबालिकामा राम्रा र सु–विचारहरू आत्मसाथ गराउन सक्छौँ । यदि यसो भयो भने उनीहरू भविष्यमा सफल नागरिक भई समाज परिवर्तनमा कोसेढुङ्गा सावित हुन सक्छन् ।

बालबालिकाहरूले असल र खराब व्यक्तिको पहिचान गरि समृद्ध समाज निर्माणका लागि सचेत नागरिकको रूपमा आफुलाई स्थापित गर्न सक्दछन् । आजभोली अभिभावकहरूमा आफ्ना नानीबाबुहरूलाई सुरक्षित भविष्यका लागि महंगो विद्यालयमा अध्ययन गराउने प्रचलन देखिन्छ । बालबालिकाको सीप र दक्षतालाई मार्कसीट **(Marksheet)**मा आएको नम्बर सँग तुलना गर्ने गरिन्छ । तर आफ्ना नानीबाबु कति नैतिकवान र संस्कारिक छन भनेर कहिल्यै लेखाजोखा गरिदैंन् । पढाइमा ठूलो अपेक्षा गर्छौं तर नैतिकवान बनाउन ख्याल गर्दैनौ जसका कारण बालबालिकाहरू पढाइमा कमजोर हुने, कुलतमा फस्ने, बाबुआमा सँग टाढा हुने गर्दछन् । त्यसैले बालबालिकालाई दक्ष र पढाइमा अब्बल बनाउनका लागि नैतिक शिक्षा र यसको प्रयोग अपरिहार्य छ ।

## एफ एम मा मेरो अनुभव



म कक्षा–८ मा अध्ययनरत छात्रा कसक पौडेल गोल्डन सुनगाभा इ.से. विद्यालयको विद्यार्थी हुन पाउँदा गर्व गर्दछु । यहाँ सबै विद्यार्थीलाई सम्मानपूर्वक पढाइने गरिन्छ । हाम्रो विद्यालयमा पढाइका साथसाथै अतिरिक्त क्रियाकलापहरूलाई पनि उत्तिकै महत्व दिइन्छ । यहाँ विद्यार्थीहरूको प्रतिभा पहिचान गरेर उनीहरूलाई अगाडि बढाइने गरिन्छ ।

यसवर्ष देखि हाम्रो विद्यालयले रेडियो मस्ती ८७.९ मेगाहर्जमा प्रत्येक शनिवार साँझ ५ बजे "**सुनगाभा बाल मझेरी**" नामक रेडियो बाल कार्यक्रम सञ्चालनमा ल्याएको छ । उक्त बाल कार्यक्रममा विद्यार्थीहरूको प्रतिभा अनुसार कथा, कविता बाचन र कार्यक्रम सञ्चालन गर्न लगाइन्छ । कार्यक्रम सञ्चालन गर्ने भाग्यमानी विद्यार्थीहरूमध्ये मैले पनि त्यो अवसर पाएँ । शुरूमा त त्यहाँ गएर कार्यक्रम सञ्चालन गर्दा निकै डर लाग्दो रहेछ तर समय सगैँ धेरै पटक बोल्न थाले पछि आँफैलाई निकै मज्जा लाग्दो रहेछ, झन झन बोलूँ बोलूँ जस्तो हुँदो रहेछ । हामीले कार्यक्रम सञ्चालन गरिरहदाँ , विद्यालयको गतिविधि प्रसारण गर्न पाउँदा ज्यादै खुसी लागेको छ । म निकै हर्षित छु र प्रभावित पनि छु किनभने मेरो आवाज मेरा सहपाठी मित्रहरू र परिवारलाई मात्र नभएर सारा नेपालमा बस्ने नेपालीहरूलाई सुनाउने अवसर पाएँ । यस्तै प्रतिभा भएका सम्पूर्ण विद्यार्थीहरूको पहिचान गरि विद्यालयले सबैलाई समान अबसर दिएर यो कार्यक्रम सालै भरी सञ्चालन गरिरहयो । सो कार्यक्रम मार्फत सम्पूर्ण श्रोता, अभिभावकहरू ले सुनगाभालाई नजिकैबाट चिन्ने र नियाल्ने अवसर प्राप्त गरेको पाइयो । साथै स्वयं विद्यार्थीहरूमा पनि शनिबार"**सुनगाभा बाल मझेरी**"कार्यक्रमको पर्खाइमा बितेको अनुभव सुनाउनुहुन्थ्यो र यस कार्यक्रममा प्रि–प्राइमरी कक्षा देखि सहभागिता रहेको थियो । विभिन्न सञ्चारका कार्यक्रमका माध्यमबाट सम्पूर्ण विद्यार्थीको क्षमता प्रस्तुत गर्ने कार्यक्रममा अभिभावकको समेत हौसला र सहभागिता रहेको पाइयो । आगामि दिनहरूमा पनि विद्यालयले यस्तै कार्यक्रम मार्फत विद्यार्थीको प्रतिभा चिनेर उहाँहरूलाई अगाडि बढाउँदै लैजावस् भन्दै शुभकामना दिन चाहन्छु । र अन्त्यमा विद्यालय परिवार प्रति यस मौकाका लागि आभारी छु । धन्यवाद ।

### शुभकामना सुनगाभा तिमीलाई



ज्ञान गुनका पाठ सिकाइ दियौ असल ज्ञान
सधैँभरि चम्किरहोस् सुनगाभाको नाम ।

अशिक्षित र अज्ञानीलाई दियौ ज्ञानको भण्डार
तिमीले नै देखाई दियौ शिक्षाको संसार ।

चन्द्रमाको किरण जस्तै तिम्रो नाम चम्किरहोस्
सफलताका पाइलाहरु सधैँभरि लम्किरहोस् ।

सुन्दर, शान्त पाठशाला बुद्धको जस्तो भावना
सुनगाभाले सधैँ प्रगति गरोस् यही मेरो शुभकामना ।

अशिक्षित र अज्ञानीलाई आफ्नो काखमा लियौ
कहिल्यै पनि नरित्तिने ज्ञानको भण्डार दियौ ।

समानता खोज्ने अन्धकार तोड्ने पवित्र भावना
तिम्रो नाम सधैँ अमर रहोस् यही मेरो शुभकामना ।

✍ **कृतिका नेपाल, कक्षा : ८**



जब हुन्छौ तिमी SEE मा पास
१० कक्षा पढाउँने गुरूलाई मान्छौ
डाक्टर पाइलट बनेका तिमीले
आफुलाई भगवानको आशिर्वाद ठान्छौ
यी सबै हुन बराबरी शिक्षा जरूरी थियौ

किन भुल्छौ तिमी
डाक्टर पाइलट बनेर मलाई बिर्से पनि
तिम्रै नाममा गौरब गर्छु म
तिम्रै पाइलै पिच्छेको सफलतामा
खुसीले गदगद हुन्छु म

✍ ***सिर्जना मल्ल ठकुरी, शिक्षिका***

## *School life At Golden Sungava*



My school is the best school among all the schools in Bhaktapur because it is beautiful. And in terms of education, we have quality and qualified teachers to educate us well. My school has given me everything that I needed to nurture myself.

My school has all the facilities needed for the students. We have good education system, good transportation, good drinking water facilities, computer lab, and science lab, etc. Many extra curriculum activities are also conducted for the overall development of every students.

My school is all about the memories. It's not only about the fun and friendship but also the way it helped me to find my interests. It has made me who I am today. I love my school and I take pride in being a student of such a good school. Thank You!

***Smritee Chapagain, SEE Batch-2075***

### *Importance of Education*



Education is important for our life. Student gets knowledge in schools, college, etc. We need education because we want good job in our life, like nurse, bank manager, an officer etc.

It helps us to develop personality and earn recognition and respect in the family and society. We can say that education is socially and personally essential factor of human life.

Education not only makes us able to learn about history, science, math, geography, and other subjects, it makes us smart enough to learn how to live life and handle bad situations.

✍*Deepika Bhandari, Class-5*

## *My Journey in Sungava*



For me, Sungava is the treasure of memories and experiences. All the 13 years of my life that I spent here were amazing. Along with good education, Sungava has always been forward in other extra activities. All the memories that I made here either good or bad are now the inseparable part of my life. Friendly and understanding teachers and lovely friends are like icing on the cake.

My all the mischievous activities with my friends and to be sometimes punished with all the friends were the real fun of life. My school has always focused in happiness of the students in a positive way. There is an inseparable bond between us and our school. In this 13 years long journey Sungava made me able to stand on my feet and it is the one to open my bright future's door.

For all these memories the life that I lived here, education, sports, and everything I can just say…

Thank You Golden Sungava.

✍ ***Sumina Neupane, SEE Batch-2075***

### सुनगाभाको काख



धेरै छन नि बोलाउने मौका परे ताकमा
आउ साथीसँगै पढौ, पढाऊन् सुनगाभाको काखमा
सुनगाभाको काखमा बस्दा दुःख कष्ट जान्छ
मनभित्रको अहङ्कार नि पखालिएर जान्छ ।

त्यही भएर सयौँमा रोजौ सुनगाभा नै हेर
गफगाफ कम गरी पढ्ने गरौ धेर
मिहिनेती भई पढे भलाई हुन्छ हाम्रो
उज्यालो भई भविष्यमा हुन्छ राम्रै राम्रो

सुनगाभाको हाता भित्र दुइटा राम्रा चौर
कहिलेकाहीँ खेल्छौ हामी दाँयावायाँ
राम्रो छ नि वातावरण स्वच्छ हावापानी
भुकम्पको डर छैन सुरक्षित पनि छ नि

प्यारा हाम्रा साना नानी पढ्ने गरौं बानी
नराम्रालाई त्यागौं अनि राम्रा लिउ छानी
मत रोज्छु सुनगाभालाई अरूलाई होइन
यसको जस्तो न्यानो काख संसारमा छैन
त्यसैले त सुनगाभालाई रोज्न आजै कम्मर कसौं
सुनगाभाको काखमा पढी ढुक्कसँग बसौं ।

✍ **आस्था धमला ,शिक्षिका**

### विद्यार्थीलाई किन पिट्नु हुदैन ?



बालबालिकाहरू भविष्यका कर्णधार हुन् । उनीहरूको मन, मस्तिष्क लगायत शारीरिक अंगहरू पनि कोमल हुन्छन् । उनीहरूलाई दिइने दण्डले उनीहरूमा शारीरिक एवम् मानसिक असर पर्न सक्छ । जसले गर्दा उनीहरूमा नकारात्मक सोचेको विकास हुन्छ र भविष्यमा पनि दुरगामी असर पर्न सक्छ । कुटाइका कारण उनीहरू आफ्ना शिक्षक एवम् अभिभावक प्रति अझ आक्रमक बन्न पनि सक्छन् । बालबालिकालाई शारीरिक वा मानसिक दण्ड दिनु अन्तराष्ट्रिय बालसन्धी र नेपाल सरकारले अपनाएको निति नियम विरूद्ध हुन्छ ।

विद्यार्थीलाई पिट्नु नहुनाका कारण निम्न :

१. किनकि उनीहरू पिटिनुका लागि जन्मेका होइनन् ।
२. पिटेर सिक्ने भए पढाउनु / सिकाउनु पर्दैन्थ्यो ।
३. पिट्नेलाई होला कि यति पिटेपछि विद्यार्थी अलि सुध्रिन्छ । तर विद्यार्थीले कहिल्यै त्यसरी सोच्दैनन् ।
४. पिटाइले विद्यार्थीमा सकारात्मक भन्दा पनि नकारात्मक सोचको ज्यादा विकास हुन्छ ।
५. घरमा सधै 'पढ – पढ' भनेर अभिभावकले गाली गर्ने र विद्यालयमा शिक्षकले पिट्ने हो भने त्यो विद्यार्थी कहिल्यै खुशी हुन सक्दैन ।

कोपिलालाई पिटेर फूल बन्ने होइन । उचित वातावरण पाए मात्र फूल बन्ने र सुवास छर्ने हो । बालबालिका भनेका आजका कोपिला हुन हामीले बालबालिकाहरूलाई उचित वातावरण दियौँ, सबैले मन पराउने असल र इमानदार नागरिक बनाऔँ ।

✍ ***बाबुराम दहाल, शिक्षक***

## Menstruation Period



Hey guys!!!
How would you feel?
If you are stopped from entering in kitchen for next five days???
What would you do, if you are ordered to sleep on mat leaving your comfortable bed for next five days?
Would you not have a fight, if they stop you from entering in a temple saying you are impure for next five days?

How would you feel if you have two big fights every month? The fight with bleeding pain and the fight with society….
I can easily defy the pain,
But tell me how to fight with this society,
How to answer on my purity??
Cause if this is impurity,
Then the one who made this rule he himself is impure and you all are also impure!!
If it's impure then God is also impure!!

*✍Istuti Baral ,Class-9*

## The Moon



The moon goes round the earth. It is called a satellite of the earth. It takes 29 days to go around the earth. The moon is 400,000 kilometers far from the earth. It is the nearest of all heavenly bodies. The moon is much smaller than the earth. It shines at night. The moon has no light of its own. It gets light from the sun. It is not a gaseous body like the sun. It is full of rocks and craters. The moon has no atmosphere like the earth. It is devoid of plants and animals. The moon changes its appearance everyday in a month. The moon has fascinated poets and scientists. Scientists made several attempts to send man to moon. At last, two Americans, Neil Armstrong and Edwin Aldrin, landed on moon in 1969. In future, the journey to moon may be safe and comfortable.

*✍Krija Pradhan,Class-6*

## Joke



Once upon a time there lived a man who didn't know English. One day he was sunbathing and a man told him, "Are you sunbathing ?"and another man said, "No I am not sunbathing because he did not know English" and again another man said, Are you sunbathing?" and he become irritated and he went away from that place and he saw a person sunbathing? He asked the person," Are you sunbathing?" Then the person said, "Yes, I am sunbathing. " Then, uneducated person said, "You stupid, you are sitting here and everybody is looking for you down beach.

*✍ Riju Gautam.,Class-5*

## *Holi (Festival of Colour)*



Holi is celebrated throughout north India on the full moon day of Phalguna. Participants throw coloured water and powders on one and another. On this day we don't find usual ranking of caste, gender, status and age to be reversed. In the streets, the celebrations are often marked by brotherhood and social tolerance. People are not bias on the basis of language, tone and ethnicity. At the end of the day everyone bathes and cook delicious food eat together in the family. They visits friends and relatives to share the happiness and sorrows.

*Name- Sahara Khadka, Class-7*

### *Friend*

1+1=2
My friendship is true
2+2=4
My friendship is more
3+3=6
My friendship is fix
4+4=8
My friendship is great
5+5=10
My friendship is main

*✍Kritika Khyaju, Class-7*

## Essay (Discipline)



The act of performing good works according to the rules and regulation is called discipline. It motivates the person to progress in life and achieve success. It guide the ability directs a people on the good path of the life. It means the having proper habits and good behaviors. There are several advantages in our life are.
Discipline is of great importance in our every and whole life. Discipline helps to gain respect, love and kindness from others. Discipline is a good character of an individual. A person without discipline the people's life becomes incomplete. It has a great role in our livelihood. Discipline is a good virtue in an individual. We need discipline in almost everywhere. Hence, it is a great importance of discipline in our life.

*✍ Sanjita Shrestha.,Class-6*

## Poem (Our School Day)



Getting up early in the morning
Brushing our teeth and having the meal
Moving towards the school.

The morning time in the assembly.
With the teachers and friends
Makes the day best.

Marching towards the class
With the beat of the drum and the shoes
Thinking when our day is gonna loose.

Again, with the friends
Laughing and shouting in the leisure period,
Hearing the suggestion given by the teachers
To make our result great

Missing the teachers and the
Friends when the last bell rangs.

*✍Savyata Gurung.,Class-8*

### *Teens and Friends*



How important is that to choose the right kind of friends? How will you know the people around you that they are leading you down to the wrong path in life? What kind of people do you really want to be seen with and why does it matter? These are the questions a teenager faces every day of his or her life. We must all remember that we are ultimately responsible for the choices we make and choosing right friends can make a life altering impact.

The most important thing to remember when you are choosing your friends is to choose people with common interest and goals. Most of us make friends with people that we choose to be friends with for life therefore we must have common interest. It is important that you choose friends with goals. Kids who don't care who they are or what they may become are very likely to become a prisoner and live a life of crime, or at least a life sponging on their parents and friends.

Another important factor in choosing friends is to ask yourself if they will pass the parent test? This means will approve of them and their family. I don't mean this in a snob way. If they are raised with parents that have drug or alcohol problems, they will not pass the parent test! You must choose friends that your parents are comfortable with. It cuts down on conflicts and everyone seems to be happier for it.

In closing I must say a person is very much a part of the company he keeps. It is not likely that your friends will stay from the benefits and morals that have been instilled in him. If you have bums, drunks or drug addicts for friends it is almost a sure thing that you will take the wrong road in life because human nature is such that we are more prone to being negatively influenced rather than positively. So when we choose our friends we are choosing our life and future.

✍Sakshi Suwal, Class-9



**Aastha Shrestha, Class-10**



**Nischal T. Magar, Class-4**




**Isha Chaudhary, Class-3**



**Bijaya Chaulagain, Class-6**



**Anisha Ghatani, Class-4**




**Aarav Magar, Class-3**


Deusi Bhailo Program-2076



Akshyar Aarambha-2076


Excursion Class 1,2


Sports Meet-2076


Children's Day Celebration


Teachers Dohori on Children's Day


Quiz Competition Winners



World Environment Day


Sports Meet's Prize Distribution


Class IX Tour Pokhara and Lumbini



Municipality Wide Dance Competition Winners -2076


SEE Farewell Session


Glimpse of Cultural Dance Competition


ECA Prize Distribution


Pre-Primary Prize Distribution


Yoga Session in School


Pre-Primary ECA Prize Distribution